# शब्दकोश

**अनुसन्धान** - वास्तविकताहरू पत्ता लगाउनको निम्ति गरिने होशियारीपूर्ण जाँच

**अन्तको-समय** - संसारको अन्त हुने समयको अवधिसँग सम्बन्धित समय।

**अन्तरविन्ती** - अर्काको भलाईको निम्ति गरिने विन्ती (प्रार्थना)।

**अन्यजाति** - यहूदी जाति बाहेकको अर्को व्यक्ति।

**आश्राम** - विशेष धार्मिक कबोलहरू लिएका व्यक्तिहरूका निम्ति बनाइएको घर।

**इन्टरटेष्टमेन्टल अवधि** - पुरानो नियमको अन्तिम ऐतिहासिक घटनाहरू र नयाँ नियमको शुरूको ऐतिहासिक घटनाहरूको समय, ई.पू. ३२३ देखि ई.पू. ६ सम्म।

**ईश्वर (दैवत्व)** - ईश्वरको आवश्यक स्वभाव, ईश्वरीय व्यक्ति।

**ई.सं. (ए.डी.)** - लैटीन भाषामा एनो डोमीनी भनिन्छ, जसको अर्थ हो "परमप्रभुको वर्षमा" यसलाई ख्रीष्टको जन्म पछिको मितिमा लिइएको छ।

**उखान** - अतिमकी सत्यताको प्रकट गर्न प्रत्येक दिनको जीवनीबाट लिइएको कथा।

**एपोक्ल्याप्टीक (प्रकाश)** - एक प्रकारको लेखाई जसमा अर्थ बताउनको (प्रकाश) निम्ति वस्तुहरू र शब्दहरूको प्रयोग गरिएको हुन्छ।

**कप्तान** - एक सय सिपाहीहरूलाई अधिन गर्ने अधिकार पाएको रोमी सिपाही

**कविता** - आवाजको नमूना, लम्बाई र शब्दहरूको छनौटमा विशेष नियमहरूको पालनगरी निर्माण गरिएको रचना।

**कष्ट (पीडा)को हप्ता** - येशू ख्रीष्ट त्यागिनु, समातिनु, मुद्दामा पर्नु र क्रूसमा चढ्नु भएको हप्ता

**क्यानान्** - न्यायको विशेष स्तरको निश्चय गर्ने लेखाइहरूको झूण्ड (समूह)

**कारागारी पत्रहरू** - पावलको पहिलो रोमी कारागारको समयमा लेखिएका एफिसी, फिलिप्पी, कलस्सी र फिलेमोनका पत्रहरू

**कालक्रम** - समय वा घटनाको आधारमा मिलाइने सूची।

**कोडेक्स (धर्म संहिता)** - पाण्डुलिपि पातहरूद्वारा बनाइएको पुस्तक।

**कोरिग्मा (सन्देश)** - मुक्तिको बारेमा स्वर्गदूतहरूद्वारा घोषित गरिएको समाचार

**खतना** - पुरूष अङ्गमा करारको निम्ति बनाइने शारीरिक चिन्ह।

**ख्रीष्टविरोधीहरू** - ख्रीष्ट शरीरमा आउनु भएको हो भनी इन्कार गर्ने व्यक्तिहरू।

**छालाको लेखाई** - भेडा वा बाख्राको छालाबाट बनाईएको वस्तुमा लेख्ने काम।

**छुटकारा, मुक्ति** - निराश वा खतराबाट स्वतन्त्र पार्ने काम, फेरि किन्नु।

**भूटा शिक्षा** - सत्यताको विरूद्धमा सिकाइएको विचारहरू वा शिक्षाहरू।

**भूण्ड (समूह)** - अरू सबैको भन्दा भिन्न प्रकारको विचारमा विश्वास गर्ने धार्मिक भूण्ड।

**तितर वितर** - ई.पू. ५८७ मा पालेस्टाइन बाहिर यहूदीहरूको तितरवितर (छरौट)।

**तथ्याङ्क** - उद्देश्य प्राप्तीको निम्ति होशियारीसँग बनाइएको योजना वा प्रणाली।

**दर्शनशास्त्र** - वास्तविकताको स्वभावको सम्बन्धमा भएको विचारको प्रक्रिया।

**धर्म परिवर्तन गर्ने** - यहूदी व्यवस्थाले माँग गरेको सबै विधिमा समर्पण गरी यहूदी धर्ममा परिवर्तन गरिने काम।

**धर्मी** - ख्रीष्टको धार्मिकताको आधारमा कुनै एक व्यक्तिलाई धर्मी ठहऱ्याउने काम

**नष्टिक शिक्षा** - वस्तु दूषित छ र संसारबाट बचनको निम्ति विशेष प्रकारको ज्ञान चाँहिन्छ भन्ने विश्वास।

**निरिक्षणका सुसमाचार** - एकै विषयमा प्रस्तुत गर्ने दृष्टि, मत्ती मर्कूस र लूकाका सुसमाचारहरू।

**निस्तार चाड** - यहूदीहरूले मिश्रको दासत्वपनबाट छुटकारा पाएको सम्झनामा मनाइने चाड (प्रस्थान १२)

**निर्दयी** - अन्याय गर्ने वा दया नभएको।

**पवित्रिकरण** - शुद्ध गर्ने काम, कहिले कहीं धार्मिक विधिबाट पनि शुद्ध गरिने काम।

**प्यापरी** - प्यापीरस (पात)बाट बनाईएका पाण्डुलिपिहरू

**पाण्डुलिपि** - हातद्वारा लेखिएको लेख-प्रमाण।

**पालेस्टाइन** - परमेश्वरले अब्राहामका सन्तानहरूलाई प्रतिज्ञा गर्नुभएको इस्राएलको मूलुक

**पाष्टरी पत्रहरू** - १ तिमोथी, २ तिमोथी र तितसका पत्रहरू

**पेन्तिकोस्** - मोशालाई सिनै पर्वतमा व्यवस्था दिएको सम्झनामा मनाइने यहूदी चाड।

**पैतृकसम्पत्ति** - उत्तराधिकारीलाई आउने सम्पत्ति, जुन व्यक्तिको जन्म वा अवस्थाद्वारा प्राप्त गरिन्छ।

**फरिसी** - यहूदी धर्म भित्रकै एक समूह हो, जसका सदस्यहरू व्यवस्था र धर्मगुरूहरूका परम्पराहरू पालन गर्नमा बडो होशियारी छन्।

**बि. सी. (ई.पू.)** - ईसा पूर्व, जसको अर्थ ख्रीष्ट भन्दा पहिलेको समय

**बडाहाकिम** - रोमी साम्राज्यले नियुक्त गरेको रोमी प्रान्तको सरकार।

**भविष्यवाणी** - भविष्यको बारेमा बताइएको सन्देश।

**मण्डलीमा पढिने पाठ** - मण्डलीको सेवाकाइको समयमा पढिने वचनको पुस्तक।

**मसीह (ख्रीष्ट)** - ख्रीष्टलाई दिइएको उपाधि हो। यसले देखाउँछ कि विशेष काम गर्नको निम्ति परमेश्वरले उहाँलाईनै छान्नु भएको थियो।

**महान आज्ञा** - ख्रीष्टको पुनरूत्थान भएर स्वर्ग जान अगाडि उहाँले आफ्ना चेलाहरूलाई दिनुभएको आदेश वा आज्ञा।

**महासभा** - प्रधान पुजाहारीको नेतृत्वमा सञ्चालन गरिएको सत्तरी यहूदी धर्मगुरूहरूको सभा हो र रोमी साम्राज्यका यहूदीहरूको बीचको कुराहरू हेरविचार गर्ने अधिकार पनि यिनीहरूलाई दिइएको थियो।

**मेडीकल** - औषधी वा रोग बिमारको उपचार सम्बन्धी कुरा।

**मूर्तिपूजक (अन्यजाति)** - यहूदी र ख्रीष्टियान बाहेक अरू व्यक्तिहरू

**यहूदी-धर्म** - यहूदी जातिले पालन गर्ने धर्म र सांस्कृतिक।

**यहूदी मत मान्नेहरू** - मुक्तिको निम्ति यहूदी व्यवस्थाको पालन गर्नु पर्छ भन्ने ख्रीष्टियानहरूको एक समूह।

**यात्रा पत्रहरू** - रोमी, १ र २ कोरिन्थी, १ र २ थिस्सलोनिकीका पत्रहरू।

**राजद्रोही** - नियमका अधिकारीहरूको विरूद्धमा भएको विद्रोहीपन।

**लेवीको पुरोहितपन** - लेवीको कुलबाट परमेश्वरले पूजाहारीपनको निम्ति छुट्याईएको पूजाहारीहरूको क्रम (गन्ती ३:३-१३ पढ्नुहोस्)।

**लैटीन** - करीब ई.पू. ६०० मा रोममा पहिलो पल्ट प्रयोग गरिएको भाषा हो। र पछि गएर इटाली, पश्चिमी भूमध्यसागरीय क्षेत्र र उत्तर अफ्रीकामा प्रयोग गरिएको थियो।

**वार्तालाप** - कुनै पनि विषयलाई स्पष्ट रूपमा प्रकट गरिने एक प्रकारको कुराकानी।

**वंशावली** - सन्तानको पंक्ति पितापूर्खाको सूची

**वंशावली** - पुर्खाहरूको लेख-प्रमाण वा व्यक्तिहरूको सन्तानको वर्णन।

**विश्राम दिन** - हप्ताको सातौं दिन(प्रस्थान ३१-१२-१७)।

**विषय (उद्देश्य)** - वार्तालाप वा लेखको विषय वा शीर्षक।

**वैद्य (डाक्टर)** - रोगको उपचार सम्बन्धी कला र विज्ञानमा निपुण व्यक्ति

**वादविवाद** - बहस, वेमिलाप, छलफल।

**सट्टा दिनु** - कुनै बिराएको कामको निम्ति उस्तै प्रकारको कुराको सट्टा दिनु।

**सदुकी** - यो यहूदीहरूको एक भूण्ड हो जसका सदस्यहरूले पुरानो नियमका पाँच पुस्तकहरूमात्र स्वीकार गरेका थिए र तिनीहरू स्वर्गदूतहरू र मरेकाहरूको पुनरूत्थानमा विश्वास गर्दैनथे।

**समान्तर** - एकै दिशामा लगिएका कुराहरू।

**सभाघर** - पुरानो नियम धर्मशास्त्रको पढाई र अध्ययनको निम्ति कम्तीमा दश जना यहूदी पुरूषहरू भेला हुने ठाउँ।

**स्मरण** - बितेका अनुभवहरूको बारेमा विचार गर्ने वा भन्ने स्वभाव।

**साधुपन** - कडा स्वार्थ-त्यागको चिन्ह।

**साझे-हकदार** - अर्को व्यक्ति सँगसँगै सम्पत्ति प्राप्त गर्ने व्यक्ति।

**सुद्धिकरण** - एक विश्वासीलाई दुष्टबाट छुट्याउने काम।

**सिद्धन्तिक** - परमेश्वर र संसारसँग उहाँको सम्बन्धको विषयमा गरिने अध्ययन।

**सेप्टोजेन्ट** - इन्टरटेष्टमेन्टल समयमा बनाईएको पुरानो नियमको ग्रीक अनुवाद।

**शब्दहरू** - समूह वा व्यक्तिद्वारा बोल्नको निम्ति प्रयोग गरिने शब्दहरूको संकलन।

**शहीदपन** - धार्मिक विश्वासको निम्ति मृत्युको दुःख भोग्ने काम।

**शास्त्री** - यहूदी व्यवस्थाको व्याख्या गर्ने र यसलाई दैनिक जीवनमा कसरी लगाउनु पर्छ भन्ने व्यक्तिहरूको समूह।

**हेलेनिष्ट** - जन्मैबाट ग्रीक नभए पनि ग्रीक सांस्कृतिक भएको व्यक्ति।